# रुपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुपनी सप्तरी
मधेश प्रदेश नेपाल

प.सं. २०८२/८३
च.नं.

मिति:२०८३/०५/०९

## हटिया ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

**तेश्रो पटक प्रकाशित मिति:२०८३/०५/०९**

प्रस्तुत विषयमा यस रुपनी गाउँ कार्यपालिकाको आ.व.२०८३/०८४ मा गाउँपालिकाको सार्वजनिक हटियाहरुको ठेक्का लगाउनु पर्ने भएकोले दोश्रो पटक मिति २०८३/०३/२० गते प्रकाशन गरिएको शिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचनामा शिलबन्दी दरभाउपत्र फारमका लागि निवेदन प्राप्त नभएको हुदाँ पुनः तपसिलको सर्तहरूको अधिनमा रही इच्छुक व्यक्ति/संस्थाहरूबाट रीत पूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

**तपसिल:-**

| सि.नं. | हटियाको नाम | ठेगाना | न्यूनतम कबोल अंक रु. | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | रुपनी बजार हटिया | रुपनी-१ | ३,२६,५५० /- | आ.व.२०८३/०८४ (१ वर्षको लागि) | |
| २. | कदम हटिया | रुपनी-१ | ५३,६५५/- | आ.व.२०८३/०८४ (१ वर्षको लागि) | |
| ३. | पिप्राही हटिया | रुपनी-२ | २२,०५०/- | आ.व.२०८३/०८४ (१ वर्षको लागि) | |
| ४. | कटैया हटिया | रुपनी-३ | ५७७५०/- | आ.व.२०८३/०८४ (१ वर्षको लागि) | |
| ५. | बिरेन्द्र बजार हटिया | रुपनी-६ | ५२६०५/- | आ.व.२०८३/०८४ (१ वर्षको लागि) | |

**गोप्य शिलबन्दी फारम सम्बन्धी:**

क. गोप्य शिलबन्दी टेन्डर फारम विक्री हुने मितिः २०८३/०५/०९ देखी २०८३/०५/२३ गते सम्म कार्यालय समय भित्र
ख. गोप्य शिलबन्दी टेन्डर फारम बुझाउने मितिः २०८३/०५/२४ गते १२:०० बजे सम्म
ग. गोप्य शिलबन्दी टेन्डर फारम खुल्ने मितिः २०८३/०५/०२४ गते ४:०० बजे सम्म

**नियम तथा शर्तहरू :**

१) रुपनी बजार हटियाको फारम दस्तुर रु. १०००।- र बाँकी हटियाको हकमा फारम दस्तुर ५००/- (पछि फिर्ता नहुने गरी) राजस्व शाखामा नगद बुझाउनु पर्नेछ। फारम यस गाउँपालिकाको राजस्व शाखाबाट उपलब्ध हुनेछ।
२) दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ। दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।
३) कबोल रकमको लागि तोकिएको न्यूनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ।
४) शिलबन्दी दरभाउ पत्र पेश गर्दा व्यक्ति वा संस्थाले अनिवार्य रुपमा आ-आफ्नो स्थाई लेखा नम्बर(PAN) पेश गर्नुपर्नेछ।
५) शिलबन्दी दरभाउपत्र पेश गर्दा व्यक्ति वा संस्थाले आफूले कबोल गरेको अंकको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस गाउँ पालिकाको **ग्लोवल आई.एम.ई.बैंक रुपनी शाखामा रहेको खाता ग ३.१ धरौटी खाता रुपनीको खाता नं. २५८०४०१०००००५** मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ।

प्रमुख प्रशासकिय अधिकृत

६) **धरौटी र छुट सम्बन्धी व्यवस्था:**

- आफूले कबोल गरेको अंकको ५०% रकम सम्झौता गर्ने बेलामा बुझाई मात्र सम्झौता गरिने र चलन पुर्जी लिनु पर्नेछ । नबुझाएको खण्डमा नियमानुसार धरौटी जफत गरी शिलबन्दी परेका अन्य व्यक्ति वा संस्थालाई ठेक्का दिइनेछ ।
- ठेक्का परेको व्यक्ति वा संस्थाले आफुले कबोल गरेको रकम एकमुष्ट रुपमा बुझाएमा कबोल अंकमा १०% छुट दिइनेछ ।
- ठेक्का परेको व्यक्ति वा संस्थाले सम्झौता गर्न आउँदा कबोल गरेको अंक बराबरको सम्पति समेत रोक्का वा धरौटी राख्नु पर्नेछ ।

७) कबोल गरेको अंकमा १३% मूल्य अभिबृद्धि कर समेत लाग्नेछ ।

८) गाउँपालिकालाई बुझाउनु पर्ने पेश्की बाँकी, बेरुजु वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस गा.पा.मा नबुझाई दरभाउपत्र पेश गर्न पाईने छैन ।

९) आ.व.२०८३/०८४ को लागि आर्थिक ऐन,२०८३ ले तय गरेको दररेट भन्दा माथी रकम उठाउन पाइने छैन र पुर्जी रसिद ठेकेदार स्वंयम् ले छपाउनु पर्नेछ ।

१०) कर बापत हटियामा जिन्सी सामानहरू उठाउन पाईने छैन ।

११) एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन ।

१२) ठेक्का स्वीकृत गर्ने/नगर्ने अन्तिम अधिकार गाउँपालिकामा निहित रहनेछ ।

.................................
हरिमोहन सुतिहार
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत